दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २०८ | बुटवल | २०८२ साउन ०८ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday July. 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## खपतको ९० प्रतिशत यूपिभिसी विदेशबाट आयात

**वार्षिक १० हजार मेट्रिकटन हाराहारीमा भइरहेको आयात रोक्न र निर्यात गर्ने लक्ष्यसहित रुपन्देहीमा खुलेको नेपालकै ठूलो यूपिभिसी उद्योगले आफ्ना उत्पादन लञ्च गरेको छ ।**



**टिआर शर्मा**
*बुटवल*

काठको सहज उपलब्धता नहुँदा र तुलनात्मकरूपमा महँगो हुँदा नेपालमा युपिभिसीका झ्याल ढोकाको खपत हरेक वर्ष बढ्दै गएको छ। सम्बन्धित क्षेत्रका व्यवसायीले गरेको अध्ययनअनुसार सन् २०१८ देखि २०२५ सम्मको अध्ययनमा हरेक वर्ष चीन र भारतबाट युपिभिसीको आयात बढ्दो क्रममा छ । दुई वर्षको अध्ययनले नेपालमा वार्षिक १० हजार मेट्रिकटनसम्म अर्थात् नेपालमा खपत हुने कूल युपिभिसी बजारको ९० प्रतिशत हिस्सा चीन र भारतबाट आयात भएको देखिन्छ।

सहजै पाइने, छिटो छरितो जडान हुने, हेर्दा आकर्षक, हलुंगो र मूल्य पनि काठभन्दा किफायती हुने भएकाले युपिभिसीप्रति सामान्यदेखि सम्भ्रान्त वर्गसम्मका उपभोक्ताको आकर्षण बढ्दो क्रममा छ।

आयात हुने युपिभिसी परिमाणमध्ये ९० प्रतिशत चीन र १० प्रतिशत भारतबाट हुने गर्छ। यसमा वर्षेनी करोडौं रकम विदेशिएको छ।

यसमा राम्रो सम्भावना देखेर आयात प्रतिस्थापन र भविष्यमा निर्यात पनि गर्ने लक्ष्यसहित बुटवलका रितेश सिलवाल र नारायाण केसीले स्थापना गरेको यो उद्योगमा नेपालकै अग्रणीमध्येको औद्योगिक घराना पञ्चकन्या ग्रुप समेत समान लगानी सहित साझेदारी गरेको छ । र उद्योगको नाम समेत पञ्चकन्या डिमेक्स यूपिभिसी डोर एण्ड विन्डोजबाट रि-ब्राण्डिङ भएको छ। ५२ वर्ष लामो इतिहास र गुणस्तरीय उत्पादनमा 'पायोनियर' मानिएको औद्योगिक घरानासँगको साझेदारीले यो उद्योगका संस्थापक रितेश र नारायण पनि खुशी छन् । आफूहरूले यसलाई अझ राम्रो गर्ने अवसरका रूपमा लिएको उनीहरूको भनाइ छ।

नौ महिनासम्म उत्पादन परीक्षण, बजार वृद्धि र ग्राहकको अपेक्षासँगै सुझाव संकलन गरेपछि चालु आर्थिक वर्षमा तीव्र बजारीकरण गर्ने उद्देश्यले उत्पादनहरू सार्वजनिक गरिएको छ।

उद्योगले पञ्चकन्या डिमेक्स, निओ प्लास्ट, टोनिस र साल गरी ४ थरिका यूपिभिसी प्रोफाइलको अफिसियल लञ्च गरेको छ।

उद्योगले नेपालमै पहिलोपटक अन्तर्राष्ट्रिय गुणस्तर र डिजाइनका उडन, ग्रे, वालनट र ब्ल्याक कलरका प्रोफाइल उत्पादन गरेको कम्पनीको दाबी छ। अन्य उद्योगले हालसम्म सेतो रंगका प्रोफाइल मात्रै उत्पादन गरिरहेका छन् । आफ्नै स्वामित्वको २ बिघा जग्गामा ८० करोड लगानी गरी सञ्चालन भएको यो उद्योग नेपालकै ठूलो यूपिभिसी उद्योग हो ।

फलामे छड, खानेपानीका पाइप, पीभीसी पाइप, रेडिमेड कंक्रिटसहितका उत्पादनमासंलग्न ग्रुपलेनिर्माण उद्योगको 'वान विन्डो सोलुसन' बन्न यूपिभिसी प्रोफाइल उद्योग पनि सञ्चालनमा ल्याएको उद्योगका अध्यक्ष उज्ज्वलकुमार श्रेष्ठले बताए।

उद्योगबाट उत्पादित यूपिभिसी प्रोफाइलबाट बनेका झ्याल र ढोका निजी प्रयोजनका घरदेखि नेपालकै ठूलो हाउजिङ कम्पनी होराइजन अपार्टमेन्ट, तारे होटेल, अफिसहरूमा माग भइरहेको श्रेष्ठले बताए।

युरोपियन प्रविधिको प्लान्ट जडित उद्योगले अन्तर्राष्ट्रिय गुणस्तरका युपिभिसी उत्पादन गरेकाले जर्मनको प्रख्यात एसकेजेड संस्थाले गुणस्तर प्रमाण चिन्ह प्रदान गरिसकेको श्रेष्ठले बताए । उद्योगले आफ्नो उत्पादनमा २० वर्ष वारेन्टी दिएको छ।

पञ्चकन्या डिमेक्स प्रोफाइलको अर्को महत्वपूर्ण विशेषता यसमा प्रयोग हुने टीपीई ग्यासकेट (रबर) हो । जुन अन्तर्राष्ट्रिय गुणस्तरको भएकाले अरू जस्तो छिट्टै टुटफुट हुँदैन र बिग्रँदैन। लामो समयसम्म टिकाउ हुन्छ। उद्योगमा पञ्चकन्या ग्रुपको ५० प्रतिशत तथा बुटवलका युवा व्यवसायी रितेश सिलवाल र नारायण केसीको २५-२५ गरी ५० प्रतिशत लागत साझेदारी छ । उद्योगका निर्देशकहरूमा पञ्चकन्याका तर्फबाट उज्ज्वल, उदीप श्रेष्ठ र आशिक श्रेष्ठ तथा र बुटवलका रितेश र नारायण रहेका छन्। सिलवाल र केसीले टायल, मार्बल, बाथवेयरलगायत भवनको इन्टेरियर डेकोर सामग्रीका थोक बिक्रेता कम्पनी सिद्धार्थभूमि इन्टरनेसनलका सञ्चालक हुन्।

समान प्रकृतिको व्यवसायिक अनुभव भएकाले पञ्चकन्याले उनीहरूसँग लगानी साझेदारी गरेको हो।

'पाँच दशकदेखि उद्योग र उत्पादनको अनुभव बटुल्दै अघि बढ्ने क्रममा नेपालमा चीन र भारतबाट युपिभिसी आयातको दर तीब्र गतिमा बढेको देखेपछि दुई वर्ष अध्ययन गर्दा राम्रो सम्भावना देखेर स्वदेशमै उत्पादन गरेर आत्मनिर्भर बन्ने र आयात प्रतिस्थापन गर्ने उद्देश्यले लगानी गरेका हौं,' श्रेष्ठले भने-'अन्य उत्पादनमा पञ्चकन्या ब्राण्डको जुन जनविश्वास छ, त्यसलाई यूपिभिसी प्रोफाइलबाट थप उचाइमा पुऱ्याउने संकल्पसहित गुणस्तर र डिजाइनमा ध्यान दिएका छौं।'

उद्योगको वार्षिक उत्पादन क्षमता ६ हजार मेट्रिकटन छ । यो नेपालको कूल युपिभिसी बजारको ५० प्रतिशत हिस्सा हो । उद्योगले भविष्यमा उत्पादन वृद्धि गरेर आगामी दुई वर्षमा बजारको ३५ प्रतिशत हिस्सा ओगट्ने लक्ष्य रहेको अध्यक्ष श्रेष्ठले बताए। 'चालु आर्थिक वर्षमा १५ प्रतिशत हिस्सा ओगट्ने लक्ष्य छ,अर्को वर्षसम्म ३५ प्रतिशत हुँदै ५ वर्षमा ५० प्रतिशत हिस्सा पञ्चकन्या डिमेक्सको पुऱ्याउँछौं,' उद्योगका अध्यक्ष श्रेष्ठले भने-'हाम्रा अन्य उद्योगका उत्पादनको गुणस्तरले उपभोक्ताको विश्वास जितेका छौं, यो नयाँ उद्योगका उत्पादनमा पनि उस्तै विश्वास र माया पाउछौं भन्नेमा विश्वस्त छौं।'

उद्योगले अमेरिका, जापान, जर्मनी, चीन, भियतनाम, भारतलगायत देशबाट कच्चा पदार्थ आयात गर्छ। कच्चा पदार्थ आयातमा १० प्रतिशत भन्सार र तयारी युपिभिसी प्रोफाइल आयातमा ३० प्रतिशत भन्सार दर हुँदा प्रतिस्पर्धा गर्न कठीन भएकाले कच्चा पदार्थ आयातमा भन्सार दर ५ प्रतिशत हुनुपर्ने अध्यक्ष श्रेष्ठको सरकारसँग आग्रह छ। उद्योगले हाल ६५ जना बढीलाई प्रत्यक्ष रोजगारी दिएको छ।

पछिल्लो समय मुख्य शहर, बजार क्षेत्रमा युपिभिसीका झ्याल ढोका प्रयोगको हिस्सा ४५ प्रतिशत पुगेको र यो अझै बढ्ने श्रेष्ठले बताए। 'सहजै पाइने, छिटो छरितो जडान हुने, हेर्दा आकर्षक, हलुंगो र मूल्य पनि काठभन्दा किफायती हुने भएकाले युपिभिसीप्रति सामान्यदेखि सम्भ्रान्त वर्गसम्मका उपभोक्ताको आकर्षण बढ्दो क्रममा पाएका छौं,' श्रेष्ठले भने-'पञ्चकन्या डिमेक्सले थरिथरिका कलर रोजाइको सुविधा र युरोपियन स्टाण्डर्ड दिएपछि नेपालमा मात्र नभई भविष्यमा विदेश निर्यात पनि गर्न सक्छौं, त्यसका लागि अझ एक बिघा जग्गामा उद्योग विस्तार गर्न सकिन्छ।'

» बाँकी ३ पेजमा

## पार्टी विभाजन गर्न खोज्नेहरुको सपनामाथि तुषारापातः विष्णु पौडेल



बुटवल । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले एमालेलाई विभाजन गर्न खोज्नेहरुको सपनामाथि तुषारापात भएको बताएका छन् । मुलुकको सर्वोच्च संस्था राष्ट्रपति जस्ता पदमा आसिन भैसकेको व्यक्ति पार्टी राजनीतिमा आउनु उपयुक्त नहुने भनेर एमालेको केन्द्रीय कमिटीले एकमतले निर्णय गरे पनि विभाजन चाहनेहरुको सपना तुहिएको उनले बताए। पुष्पलाल स्मृति दिवसको अवसरमा एमालेले बुधबार बुटवलको आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी उपाध्यक्ष समेत रहेका पौडेलले यस्तो बताएका हुन्।"एमाले पार्टी विभाजनमा भूमिका खेलेकाहरुले अहिले फेरि पनि विभाजन गर्न सकिन्छ कि भनेर कोशिस गरिरहेका थिए, तर पार्टीले एकमतले निर्णय गरेपछि उनीहरुको सपनामाथि तुषारापात भएको छ," पौडेलले भने-"पार्टीभित्र अस्थिरता मच्चाउने र विभाजनको कोशिष गर्ने तत्वहरु सपना विफल भएको छ।"

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण प्रक्रिया नमिलेको उनको भनाइ थियो । "सदस्यता नवीकरण गर्ने व्यवस्था हाम्रो पार्टीमा छैन । सदस्यता त्यागेको व्यक्तिको नवीकरण हुने होइन, नयाँ प्रक्रियाबाट जानुपर्छ। उहाँको सदस्यता स्थगित होइन, परित्याग हो । जुन चिज कायम छैन, त्यसको नवीकरण हुँदैन भन्ने प्रष्ट हुनुपर्छ।"- पौडेलको भनाइ थियो।

एमाले कमजोर बनाएर, विग्रह ल्याएर रमाउन खोज्नेहरू विगतदेखि नै साइड लागेको उनको भनाइ छ। उनले भने-"एमालेको आन्तरिक जीवन व्यवस्थित बनाउने काम हामी आफैंले गर्नुपर्छ, अरुले सरोकार राख्न जरुरी छैन।"

केन्द्रीय कमिटीले विधान संशोधनका लागि प्रस्तावित मस्यौदा पारित गरिसकेकाले सबैको सुझाव समेटिने भन्दै छिटो सुझाव दिन उनले आग्रह समेत गरे। अर्थमन्त्री पौडेलले चौतर्फी हमलाका बाजुद पनि सरकार आफ्नो मिसनमा अगाडि बढिरहेको पनि बताए।

» बाँकी ३ पेजमा

## जङ्गली च्याउ खाँदा एकै परिवारका दुई जनाको मृत्यु

रुकुम पूर्व। रुकुम पूर्वमा जङ्गली च्याउ खाँदा एकै परिवारका दुई जनाको मृत्यु भएको छ। जिल्लाको भूमे गाउँपालिका-५ सेराबाङका तीन वर्षीय योजन विक र छ वर्षीया भाग्यरेखा विकको मृत्यु भएको हो।

योजनको मङ्गलबार दिउँसो र भाग्यरेखाको मङ्गलबार राति राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । सोही परिवारका अन्य दुई जना भने गम्भीर घाइते छन्। मृतकका आमा ३५ वर्षीया रामकुमारी सुनार र उनकी छोरी नौ वर्षीया आयुषा विकको अवस्था पनि गम्भीर रहेको प्रहरीले जनाएको छ।

यही २ गते जङ्गलबाट ल्याएको च्याउ खाएर बिरामी भएकामा साउन ५ गते मात्र रुकुम पूर्व अस्पतालमा उनीहरु आएका थिए । अस्पतालमा उपचार हुन नसकेपछि सबैलाई जिल्ला अस्पतालले ६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ पठाएको थियो । दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ भने बाँकी दुई जनालाई नेपालगञ्ज भेरी अस्पताल पठाइएको छ।

## १३ करोडको अवैध सामान नियन्त्रण



**मोहम्मद हबिब**
*भैरहवा*

सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा.रुपन्देहीले पछिल्लो एक वर्षमा ठूलो परिमाणमा अवैध सामान नियन्त्रणमा लिएको छ । सीमा क्षेत्रमा बढ्दो सक्रियताले आर्थिक वर्ष २०८१/८२ को अवधिमा १३ करोड १० लाख ३९ हजार ९ सय ८९ मूल्य बराबरको अवैध सामान नियन्त्रणमा लिई भन्सार तथा सम्बन्धित निकायमा पठाइएको छ। रुपन्देही जिल्लाअन्तर्गत ७० किलोमिटर अन्तर्राष्ट्रिय सीमानाको रक्षा, सीमा स्तम्भहरुको सुरक्षा, सीमावर्ती क्षेत्रका बासिन्दाहरुको शान्ति सुरक्षालगायतको कामसँगै खुला सीमाका कारण हुन सक्ने चोरी तस्करीलाई न्यूनीकरण गर्नमा प्रयासरत रहेको छ। सीमित जनशक्ति र स्रोतसाधनको प्रयोग गर्दै गणले ३७ लाख ३३ हजार ५ सय मूल्य बराबरको ब्रोइलर कुखुरा, ५६ लाख ९९ हजार ५ सय ६९ रुपैयाँ बराबरको किराना सामान, ४ लाख ६५ हजार ६ सय ६७ बराबरको रासायनिक विषादी, २ लाख ९ हजार ९५ रुपैयाँ बराबरको हरियो तरकारी, ९५ लाख ५२ हजार ८९ रुपैयाँ बराबरको चिनी बरामद गरेको छ।

त्यसैगरी ३६ हजार मूल्य बराबरको मदिरा, २ लाख १६ हजार ६ सय ५० बराबरको पटका, १ लाख ५ हजार बराबरको पशु चौपाया, ६ लाख ४५ हजार बराबरको नदीजन्य पदार्थ (बालुवा, गिट्टी, ढुंगा) बरामद गरिएको छ । 'राजस्व कार्यालयसँग संयुक्त तथा एकल रुपमा २ करोड १९ लाख ३० हजार ८ सय ४५ मूल्य बराबरको सामान बरामद गरिएको छ। त्यस्तै २ करोड ७३ लाख ७७ हजार १ सय ७४ रुपैयाँ बराबरको कपडा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

त्यस्तै ७ लाख ८७ हजार ५ सय ५० बराबरको खाद्यान्न (दाल, चामल, चना), १४ लाख ९६ हजार २ सय ८५ बराबरको कस्मेटिक सामान, ९९ हजार ८ सय २ बराबरको भाडा वर्तन, ९ लाख बराबरको मोबाइल फोन, ५ लाख २१ हजार, ७ लाख ९६ हजार २ सय २३ बराबरको हार्डवेयर, मोटर, मोबाइल मार्टर्स, इलेक्ट्रिस ७५ लाख ७६ हजार ९ सय ८३, नगद (नेपाली तथा भारतीय रुपैयाँ) २० लाख ६० हजार, ४६ लाख ३ हजार ४ सय ८६ हजार मूल्य बराबरको आयूर्वेदिक तथा एलोपेथिक औषधी बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा.रुपन्देहीका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायव उपरीक्षक (डीएसपी) मोहन न्यौपानेले जानकारी दिए।

उनले राजस्व छली गरी चोरी, निकासी/पैठारी गरी भारतबाट नेपालमा ल्याइएका सामान बरामद गरी भन्सार, राजस्व अनुसन्धान, स्थानीय तह र पशु प्लान्ट क्वारेन्टाइन कार्यालयहरुमा बुझाएको बताए । अवैध सामान ढुवानीमा प्रयोग भएका ट्रक, मिनी ट्रक, ट्र्याक्टर ८ वटा, कार, भ्यान, छोटा हात्ती) १० वटा, अटोरिक्सा ५ वटा, मोटरसाइकल १७५ र साइकल १० गरी २०८ वटा सवारीसाधनहरु समेत सशस्त्र प्रहरीले बरामद गरेको थियो।

खुल्ला सीमाको फाइदा उठाउँदै भारतीय बजारबाट नेपालतर्फ हुने गरेको तस्करी नियन्त्रणमा कडाइ गरिए पनि लुकीछिपी ल्याउने प्रयास गेरपछि विभिन्न सामानहरु बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा.रुपन्देहीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक मेखराज जोशीले बताए।

चोरि तस्करी नियन्त्रणका अलावा एक वर्षको अवधिमो मर्चवारी गाउँपालिका वडा नं. ७ मन्झरियामा बिओपी स्थापना गरी जिल्लामा प्रस्तावित सीमा सुरक्ष गुल्म १, बिओपी ६ गरी सीमासँग सम्बन्धित जम्मा ७ वटा कार्यालय भएका छन् । बेलहियामा नाकामा लागुऔषध तथा बिष्फोटक पदार्थको अवैध ओसारपसार नियन्त्रण गर्ने उद्देश्यले डग स्क्वाडसहित यात्रुहरु तथा सामानहरुको चेकजाँच गर्न सुरु गरिएको छ।

'सशस्त्रले यस अवधिमा खैरो हिरोइन, गाँजालगायत लागुऔषधसहित ४ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिई आवश्यक कानुनी कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाएको छ। यसै अवधिमा लागुऔषध नियन्त्रणसम्बन्धी २४ वटा सचेतनामूलक कक्षा तथा सडक नाटक विभिन्न विद्यालय तथा समुदायहरुमा सञ्चालन गरिएको एसपी जोशीले जानकारी दिए।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# संकटग्रस्त मधेस

सरकारले मधेस प्रदेशका आठ वटै जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। खडेरीले पर्याप्त रोपाइँ हुन नसकेको र रोपेको धान जोगाउन धौ धौ भइरहेको र खानेपानीको समेत चरम संकट भएपछि बुधबार बसेको मन्त्रिपरिषद् बैठकले संकटग्रस्त घोषणा गरेको हो। वर्षा नहुँदा कुलो र नहरमा समेत पानी नचल्दा सतह सिँचाइ हुने खेत समेत सुख्खा हुँदा समस्या भएको छ। सम्भवत मधेसमा खानेपानीको संकट पहिले यस्तो थिएन्। यो बेला सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरेर किसानलाई राहतका प्याकेज ल्याउनुपर्छ। मधेस प्रदेश सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्न संघीय सरकार समक्ष सिफारिस गरेपछि सरकारले संकटग्रस्त घोषणा गरेको हो।

हाल मधेस प्रदेशका आठ वटा जिल्लामा सुख्खाका कारण खानेपानी, सिँचाइ तथा कृषि क्षेत्रमा विपद्को अवस्था सिर्जना भएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा २ (द) मा विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था छ। नेपाल सरकारले देशको कुनै पनि ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भइ संकटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सिमाना र अवधि तोकेर विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' ले गरेको छ। ऐनको परिच्छेद-११ मा यस्तो घोषणापछि सरकारले चाल्न सक्ने कदम र अन्य विविध व्यवस्थाहरू उल्लेख गरिएका छन्। जसअनुसार तोकिएको अवधिभित्र विपद्बाट उत्पन्न स्थिति नियन्त्रणमा आउन नसकेमा, सरकारले राजपत्रमा सूचना प्रकाशन गरी घोषणाको अवधि बढाउन सक्नेछ। यस्तो घोषणाको सूचना राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन र प्रसारण गराउनुपर्ने व्यवस्था छ। अवस्था सामान्य भएमा सरकारले जुनसुकै बेला उक्त घोषणा फिर्ता लिन सक्नेछ।

सरकारले ऐनमा आवश्यकताअनुसार सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थाहरूलाई केही अवधिका लागि बन्द गर्न सक्ने व्यवस्था भए पनि कृषि र खानेपानीमा संकट देखिएकाले यो कदम सरकारले चाल्ने देखिँदैन। ऐनमा संकटग्रस्त क्षेत्रमा थप कर्मचारी खटाउने व्यवस्था रहेको छ। संकट टार्न सरकारले स्रोत परिचालन गर्न सक्छ। मधेसमा पानीको समस्या समाधान गर्नको लागि ऐनमा तोकेको व्यवस्थाअनुसार सरकारले कदम चाल्न सक्छ। विपद् क्षेत्र भित्रका गैरसरकारी कार्यालय, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सवारी साधनलाई निश्चित अवधिसम्मका लागि अभिलेख राखी नियन्त्रणमा लिएर प्रयोग गर्ने व्यवस्था रहेको छ। अहिले मधेसमा खानेपानीको अभाव टार्न ट्याांकरबाट पानी वितरण गरिरहेको छ। सरकारले थप ट्याङ्करबाट पानी वितरण गर्न सक्छ, तर खानेपानीको दीगो व्यवस्थापनको लागि पहल हुनुपर्छ। कृषि मन्त्रालयले ४ सदस्य सरकारी टोली सिँचाइ अभावको कारण देखिएको समस्या अध्ययन गर्न पठाइसकेको छ। यो टोलीले ल्याउने प्रतिवेदनका आधारमा सरकारले समस्या समाधानको सुक्ष्म कार्यक्रम अघि सानुपर्छ।

संकटको बेला बाह्य चलखेलको धेरै सम्भावना हुने र आन्तरिक रूपमा अराजकता बढ्न सक्ने भएकाले सरकारले बाह्य चलखेल रोक्न र शान्ति सुरक्षा कायम गर्न अग्रसर हुनुपर्छ। संकटग्रस्त क्षेत्र घोषणा केबल संविधानले दिएको अधिकार प्रयोगको सवाल मात्रै नभएर समस्या समाधानको बाटो खोल्न सक्दा मात्रै नागरिकमा सरकार हुनुको अपनत्व हुन्छ।

# लचिलो मौद्रिक नीतिले लयमा फर्केला अर्थतन्त्र ?



धर्मराज भट्टराई

*यसैलाई सहयोग पुग्ने हिसाबले मौद्रिक नीति तर्जुमा गरिएको दाबी पनि गरिएको छ। मुलुकको आर्थिक वृद्धिका लागि लगानी विस्तार हुनु जरुरी छ। यसको सहजताका लागि भन्दै कर्जा विस्तारमा आवश्यकताभन्दा बढी लचकता अपनाइएको खण्डमा भने परिणाम प्रतिकूल नहोला भन्न सकिँदैन। यसको गतिलो उदाहरण 'कोभिड -१९' ले निम्त्याएको आर्थिक असहजताको स्थिति र त्यससमय राज्यले चालेका गलत आर्थिक नीति तथा कार्यक्रमलाई लिन सकिन्छ।*

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ का लागि भर्खरै मौद्रिक नीति सार्वजनिक गरेको छ। गभर्नरको जिम्मेवारी सम्हालेको दुई महिना नपुग्दै विश्वनाथ पौडेलले ल्याएको मौद्रिक नीतिलाई धेरैले लचिलो नीतिका रूपमा व्याख्या गरेका छन्। विशेषगरी, अहिले सार्वजनिक मौद्रिक नीति घरजग्गा, सेयर बजार, कृषि, साना उद्यमीका लागि निकै उदार र बैंक तथा वित्तीय संस्थाका लागि बढी उदार देखिएकाले लचिलो नीतिको संज्ञा पाएको हुनुपर्छ।

मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर पौडेलले सजगतापूर्वक लचिलो नीति अवलम्बन गरिएको बताएका छन्। नीति 'लचिलो, समावेशी र सुधारउन्मुख' रहेको उनको दाबी छ। यस नीतिले अर्थतन्त्रका विद्यमान समस्याहरू सम्बोधन गर्न सहयोग पुग्ने आशा उनले गरेका छन्। मौद्रिक नीतिमा ल्याइएका व्यवस्थाहरू अक्षरशः पालना भएको खण्डमा अर्थतन्त्र लयमा फर्कने दाबी गरिएको भए पनि अर्थविद्हरू भने विश्वस्त हुन सकेको देखिँदैन।

पछिल्लो समय मुलुकको अर्थतन्त्रका बाह्य परिसूचकहरू सकारात्मक देखिए पनि आन्तरिक सूचकहरू भने अपेक्षाकृत सुध्रिएका देखिँदैनन्। मुलुकको अन्तरिक उत्पादन, उपभोग, लगानी, पुँजी निर्माण, रोजगारी सिर्जनाजस्ता आर्थिक पक्षहरू सकारात्मक देखिएका छैनन्। विशेषगरी, आन्तरिक अर्थतन्त्र चलायमान हुन नसक्दा यी परिसूचकसमेत अनुकूल बन्न नसकेको बताइएको छ। वर्तमान समयमा मुलुकको आन्तरिक अर्थतन्त्र अपेक्षित रूपमा चलायमान नहुनुका पछाडि लगानीमा आएको संकुचनलाई मुख्य कारक तत्त्वका रूपमा हेरिएको छ।

लामो समयदेखि कर्जाको माग नबढ्दा बैंक तथा वित्तीय संस्थामा ठूलो परिमाणमा लगानीयोग्य रकम निष्क्रिय बसेको अवस्था छ। अहिले बैंक तथा वित्तीय संस्थाहरूमा ८ खर्बभन्दा बढी लगानीयोग्य रकम थन्किएर बसेको छ। मौद्रिक नीतिले मुद्रा प्रदाय, कर्जा र ब्याजदर व्यवस्थापनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई चासोसाथ हेरिएको छ। चालू आवका लागि सार्वजनिक गरिएको मौद्रिक नीतिसमेत यिनै समस्यासँग सम्बन्धित रहेको दाबी राष्ट्र बैंकको छ। यसैकारण बैंक तथा वित्तीय संस्थामा रहेको निष्क्रिय रकम परिचालन हुने आशा गरिएको छ।

हालै सार्वजनिक मौद्रिक नीतिमा आगामी वर्ष निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२ प्रतिशतले विस्तार गर्ने प्रक्षेपण गरिएको छ। यसका लागि ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६ दशमलव ५ प्रतिशतबाट घटाई ६ र ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दरलाई ३ प्रतिशतबाट घटाई २ दशमलव ७५ प्रतिशत निर्धारण गरिएको छ। नीतिगत दरलाई ५ प्रतिशतबाट घटाई ४ दशमलव ५ प्रतिशत कायम गरिएको छ। यसले बजारमा मुद्रा आपूर्ति बढ्ने र ब्याजदर पनि बढ्न नदिने आँकलन गरिएको छ। कर्जा विस्तारले लगानीको वातावरण सिर्जना भई अर्थतन्त्र लयमा फर्कने आशा राष्ट्र बैंकले लिएको छ। तथापि, अहिलेको परिस्थिति हेर्दा कर्जा विस्तार यति सजिलैसँग बढ्नसक्छ भन्न सकिँदैन। गत आवको मौद्रिक नीतिले निजी क्षेत्रतर्फ १२ दशमलव ५ प्रतिशतले कर्जा विस्तार गर्ने लक्ष्य लिएको थियो।

चालू आवको पहिलो ११ महिनासम्म बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८ प्रतिशतले मात्र बढेको देखिएको छ। जबकि यस अवधिमा समेत कर्जाको ब्याजदर न्यूनतम् विन्दुमै देखिन्छ। यसबाट के प्रस्ट हुन्छ भने ब्याजदर घटाउँदैमा लगानी बढ्छ भन्ने कुनै प्रत्याभूति हुँदैन। यसको अर्थ लगानी विस्तारमा अन्य समस्याहरू पनि छन् भन्ने अर्थ लाग्छ। तर, मौद्रिक नीतिले त्यसलाई सम्बोधन गरेको देखिँदैन। अर्कोतर्फ, निक्षेपको ब्याजदर घट्दा बैंक तथा वित्तीय संस्थाहरूमा पैसा राख्न निक्षेपकर्ताहरू निरुत्साहित हुनसक्छन्। सो रकम अनुत्पादक क्षेत्रमा परिचालन हुने सम्भावना पनि छ। यसैगरी, बजारमा वस्तु तथा सेवाहरूको मागमा अप्रत्याशित वृद्धि हुनगई मुद्रास्फीति बढ्ने सम्भावना पनि छ। यसले आयात वृद्धिमा समेत टेवा पुग्ने देखिन्छ।

लामो समयदेखि घरजग्गा कारोबारमा मन्दी छाएको छ। यसले गर्दा सर्वसाधारणको ठूलो लगानी फ्रिज भएर बसेको छ भने सरकारी राजस्वमा समेत प्रतिकूल प्रभाव परेको देखिन्छ। यो समस्या समाधान गर्ने भन्दै मौद्रिक नीतिले केही नयाँ प्रावधान अगाडि सारेको छ। चालू आवदेखि लागू हुनेगरी निजी आवासीय घर निर्माण तथा खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा २ करोडबाट बढाई ३ करोड कायम गरिने जनाइएको छ।

यसैगरी, पहिलो घर निर्माण एवं खरिद गर्दा यस्तो कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्नसक्ने व्यवस्था ल्याइने भएको छ। यस व्यवस्थाले घरजग्गा क्षेत्रको व्यवसायमा विस्तार हुने आशा राष्ट्र बैंकले गरेको छ। यसैगरी, कर्जालाई नै केन्द्रित गरी मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोडबाट बढाई २५ करोड बनाउने भएको छ।

यसअघि व्यक्तिगत सेयर लगानीकर्ताले १५ करोडसम्म सेयर धितोकर्जा लिनसक्थे भने अब २५ करोडसम्म लिन सक्नेछन्। यसबाट पुँजी बजारको विस्तार हुने आशा गरिएको छ। तथापि, घरजग्गा र सेयर बजारजस्ता क्षेत्रहरू अनुत्पादक क्षेत्रका रूपमा हेर्ने गरिन्छ। यी क्षेत्रमा विस्तार भएको कर्जाले थप उत्पादन र रोजगारीका अवसरहरू सिर्जना गर्ने कुरामा आश्वस्त हुन सकिँदैन।

मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरूलाई सहज हुने खालका नीतिहरूसमेत अघि सारेको देखिन्छ। यी संस्थामा देखिएको पुँजीकोषको समस्या समाधान गर्न राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत हकप्रद सेयर जारी गर्ने सुविधा अगाडि सारेको छ। यसले हाल बैंक तथा वित्तीय संस्थामा देखिएको पुँजीकोषको समस्या समाधान भएर जाने आशा गरिएको छ। यसअघि न्यून पुँजीकोषका कारण बैंकिङ प्रणालीबाट थप कर्जा लगानी हुन सकेको थिएन। यसैगरी, विकास बैंक ('ख' वर्ग) तथा वित्त कम्पनी ('ग' वर्ग)मा लामो समयदेखि लागू नियामकीय मापदण्डको पृष्ठभूमिमा 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीलाई प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्नसक्ने सीमा हटाइने नीति लिइएको छ। लघुवित्त वित्तीय संस्थाले हालको व्यवस्थाअनुसार वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणसम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन गर्ने जनाइएको छ।

चालू आवदेखि बैंक तथा वित्तीय संस्थाहरूले गैरबैंकिङ सम्पत्ति सकार गरेको २ वर्षसम्म त्यस्तो सम्पत्तिबाट सिर्जित 'रेगुलेटरी रिजर्भ'लाई पूरक पुँजीमा समेट्न सक्नेछन् भने पुँजी वृद्धि गर्न राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी आवश्यक पुँजी जुटाउन सकिने व्यवस्था मौद्रिक नीतिले ल्याएको छ। बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा र गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा टेवा पुऱ्याउन सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक ऐन र नियमको मस्यौदा तयार पारि सरकारसमक्ष पेस गर्ने नीति लिइएको छ। यसरी ल्याइएका नीतिले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा सीमित व्यक्ति एवं क्षेत्रमा हुनसक्ने जोखिमलाई भने मौद्रिक नीतिले सम्बोधन गरेको देखिंदैन।

यसैगरी, कर्जा आपूर्ति पक्षलाई मात्र बढवा दिएर माग पक्षलाई ध्यान नदिँदा बजारमा असन्तुलन पैदा हुने जोखिम उत्तिकै छ। मौद्रिक नीतिले विदेश भ्रमणमा जानेका लागि पहिलेभन्दा धेरै रकम बोकेर जान पाउने नीति ल्याएको छ। भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई हाल प्रतिपटक अमेरिकी डलर २ हजार ५ सयसम्म सटही सुविधा उपलब्ध गराउने व्यवस्था रहेकामा यस्तो सटही सुविधा वृद्धि गरी अमेरिकी डलर ३ हजार पुऱ्याइएको छ।

राष्ट्र बैंकमा ठूलो मात्रामा सञ्चित रहेको वैदेशिक मुद्रा परिचालनका लागि यस्तो नीति ल्याएको हुनुपर्छ। तथापि, आवश्यकभन्दा बढी परिमाणमा थुप्रिएको विदेशी मुद्रालाई अन्य उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने कुरामा भने नीति मौन देखिन्छ। छिटो प्रतिफल दिने लगानीका क्षेत्र पहिचान गरी वैदेशिक मुद्रा उपयोग गर्नुपर्ने अहिलेको आवश्यकतालाई मौद्रिक नीतिले सम्बोधन गरेको छैन।

त्यस्तै, वैदेशिक रोजगारीमा जाने युवाहरूलाई धितो लिई वा नलिई प्रवाह भएको ३ लाख रुपैयाँसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने र महिलाको हकमा यस्तो सीमा ५ लाख रुपैयाँ कायम गरिने भएको छ। यसबाट वैदेशिक रोजगारीमा जाने युवा लाभान्वित हुने देखिन्छ। यसअतिरिक्त विदेशबाट द्रुत गतिमा भित्रिएको रेमिट्यान्स उपयोगमा पुँजी तथा कारोबारका आधारमा विप्रेषण कम्पनीको वर्गीकरणबाहेक अन्य कुनै योजना मौद्रिक नीतिसँग देखिँदैन।

सरकारले चालू आवको बजेटमार्फत् ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने र मुद्रास्फीति ५ दशमलव ५ प्रतिशतमै रोक्ने लक्ष्य राखेको छ। यसैलाई सहयोग पुग्ने हिसाबले मौद्रिक नीति तर्जुमा गरिएको दाबी पनि गरिएको छ। मुलुकको आर्थिक वृद्धिका लागि लगानी विस्तार हुनु जरुरी छ। यसको सहजताका लागि भन्दै कर्जा विस्तारमा आवश्यकताभन्दा बढी लचकता अपनाइएको खण्डमा भने परिणाम प्रतिकूल नहोला भन्न सकिंदैन। यसको गतिलो उदाहरण 'कोभिड-१९' ले निम्त्याएको आर्थिक असहजताको स्थिति र त्यससमय राज्यले चालेका गलत आर्थिक नीति तथा कार्यक्रमलाई लिन सकिन्छ।

सरकारले त्यसबेला सहुलियतबापत पुनर्कर्जाका नाममा व्यवसायीलाई बिनाधितो अर्बौं रुपैयाँ ऋण उपलब्ध गराएको तर जुन उद्देश्यसाथ ऋण प्रवाह भएको थियो, त्यो उद्देश्य भने प्राप्त भएन। उल्टै त्यसले मुलुकको अर्थतन्त्रलाई गम्भीर मोडमा पुऱ्याएको थियो। त्यसको असर अहिलेसम्म रहेको छ। यसैकारण कर्जा विस्तार हुँदैमा अर्थतन्त्र लयमा फर्कने प्रत्याभूति हुँदैन।

उचित कार्यान्वयन, अनुगमन र मूल्यांकनबिना विस्तार गरिएको कर्जाले अपेक्षित उपलब्धि आशा गर्न सकिंदैन। मौद्रिक नीतिले निर्धारण गरेका लक्ष्य प्राप्त गर्न वित्तीय नीतिसँगको मजबुत समन्वय र प्रभावकारी कार्यान्वयन अपरिहार्य देखिन्छ। यसैगरी, सरकारी पुँजीगत खर्चको दक्षता, निजी क्षेत्रको लगानीको वातावरण र समग्र व्यावसायिक विश्वासले मात्र अर्थतन्त्र लयमा फर्कने आशा गर्न सकिन्छ।

राजधानीबाट

# नेप्से पाँच दशमलव १७ अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक पाँच दशमलव १७ अङ्कले बढेर दुई हजार नौ सय ७८ दशमलव ८८ को बिन्दुमा कायम भएको हो।

तीन सय १९ कम्पनीको चार करोड ४८ लाख ६६ हजार १५९ कित्ता शेयर एक लाख ७० हजार ३१८ पटक खरिदबिक्री हुँदा रु १९ अर्ब ५७ करोड ५२ लाख ७० हजार ५५७ दशमलव ६७ को कारोबार भएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव २५, विकास बैंक शून्य दशमलव ९२, होटल तथा पर्यटन एक दशमलव १०, जीवन बिमा शून्य दशमलव ५०, लघुवित्त शून्य दशमलव ७२ र निर्जीवन बिमा शून्य दशमलव ६१ प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा बढी वित्त समूह तीन दशमलव २३ प्रतिशतले बढेको छ। जलविद्युत् शून्य दशमलव ८८, लगानी शून्य दशमलव ९०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४०, म्युचुअल फण्ड शून्य दशमलव १५, व्यापार शून्य दशमलव ३१ र अन्य समूह एक दशमलव ४४ प्रतिशतले बढेका छन्।

ट्रेड टावर लिमिटेड र सान्भी इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ३२ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ७८ करोड १० लाख २८ हजार ४३३ बराबरको शेयर किनबेच भएको छ। त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको १९ लाख ५४ हजार १३० कित्ता शेयर खरिदबिक्री भएको छ।

# बेलुकाको खाना चाँडै खाँदा यस्ता फाइदा



**१. तौल नियन्त्रणमा रहन्छः**

यदि तपाईं तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस्। खाना खाएपछि केहीक्षण हिंड्नुहोस्।

जतिसुकै बढी खाना खानुहोस्, यस्तो तरिका अपनाउने हो भने तौल बढ्दैन।

**२. छाति पोल्दैनः**

अधिकांश मानिसको खाना खाएपछि सिधैं बेडमा जाने बानी हुन्छ। यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ। चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैन।

**३. अधिक उर्जा पाउन सकिन्छः**

बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ। यसविपरीत चाँडै खाना खाने हो भने बिहान नास्ता राम्ररी रुच्छ र शरीरले उर्जा पाउँछ।

**४. हल्का महसूस हुन्छः**

यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ। रुटीनमा खाना खानाले पेट हल्का हुन्छ र ग्यासको समस्या पनि हुँदैन।

**५. गहिरो निन्द्रा पर्छः**

राति ढिला खाना खानाले निन्द्रा पनि ढिलै लाग्छ र निद्रा पूरै लाग्दैन। यसविपरीत चाँडै खाना खानाले निद्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ।

**६. पाचनका लागि बढी समय उपलब्ध हुन्छः**

जति खाना खायो, उति नै पच्नुपनि पर्छ।

खाना खाएपछि त्यसलाई पच्न समय लाग्छ। यदि चाँडै खाना खाने हो भने त्यसलाई पचाउने समय पनि पाइन्छ र यसबाट बिहान ताजा अनुभूति पनि हुन्छ। तर, ढिला खानाले रातभर सुतेपछि पनि पाचनप्रक्रिया चलिरहन्छ, जुन स्वास्थ्यका लागि हानिकारक हुन्छ।

**७. पेटको रोग कम हुन्छः**

सही समयमा खाना खानाले पूर्णरुपमा पच्छ, यसबाट पेट सधैं सफा रहन्छ। पेट दुख्ने, ग्यास र अपचको समस्या पनि हुँदैंन। यसका अलावा छाला पनि चम्किलो हुन्छ।

स्वास्थ्य खबरबाट



**घण्टाकर्ण राक्षसको पूजा गर्दै**

**नेवार समुदायले परम्परागत रूपमा मनाउँदै आएको 'घण्टाकर्ण चतुर्दशी' पर्वको अवसरमा दाङको घोराही उपमहानगरपालिका-१४ स्थित गणेश मन्दिर परिसरमा बुधबार बिहान पूजा गर्दै स्थानीय नेवार समुदाय। परापूर्वकालदेखि मनाइँदै आएको यो पर्वमा नेवार समुदायले राक्षसको प्रतीक मानिने घण्टाकर्णको पुत्ला बनाइ पूजाअर्चनापछि दहन गर्ने परम्परा छ। तस्बिर : कुलदीप न्यौपाने / रासस**

# विकटका विद्यार्थीलाई विकसित मुलुकका विद्यार्थीको सहयोग

चितवन। अमेरिकामा हुर्किएका १७ वर्षीय साभर थापा शाहीले चितवनका विकट भेगका २७५ विद्यार्थीका लागि पोसाक, शैक्षिक र स्वास्थ्य सामग्री वितरण गरेका छन्। उनले करिब रु पाँच लाखभन्दा बढीको सामग्री सहयोग गरेका हुन्।

भौगोलिक विकटतासँगै आर्थिक अवस्थाले अभाव झेलेका बालबालिकाका लागि अमेरिकामा रहेका विद्यार्थीसँग समन्वय गरेर सहयोग जुटाइएको हो। आर्थिक अभावले पठनपाठनमा समस्या भोगेका विद्यार्थीको अवस्था देखेर अमेरिकाको टेक्सासमा बस्ने साभरले आफ्ना साथीसँग जोगाएको खाजा खर्चले विकटका विद्यार्थीले झोला, कापी, कलम, पोसाक, जुत्ता र स्वास्थ्य सामाग्री पाएका हुन्।

भरतपुर महानगरपालिका-२९ मा रहेको रातामाटे, डुम्रे, कमलपुर र राप्ती नगरपालिका-१२ को डिहिटारका आधारभूत विद्यालयका विद्यार्थीहरुलाई सामग्री वितरण गरिएको हो। राष्ट्रिय आधारभूत विद्यालय रातामाटेमा कक्षा ५ मा अध्ययन गर्ने रितु तामाङले भने-"पढ्ने सामान पायौँ, खुसी छौँ, झोला, लुगा पायौँ, अब ढुक्कले पढ्ने हो।"

त्यस्तै, भरतपुर-२५ स्थित सोसी विद्यालय र माडीको दिवाकर स्मृति माध्यमिक विद्यालयका २७५ विद्यार्थीलाई पनि उनले सहयोग गरेका हुन्। साभारले विकसित र विकटका विद्यार्थीको समन्वय गराउन खोजेको बताए।

चितवनमा नै रहेर दन्त उपचारमा सक्रिय चिकित्सक दम्पतीले सञ्चालन गरेको डा. अजय न्यौपाने, डा. सरु थापा फाउन्डेसनले समन्वय गरेर यहाँका विकट गाउँमा सहयोग उपलब्ध गराइएको हो। नेपालमा आउने क्रममा साभारले गरिब र विकटका विद्यार्थीबारे थाहा पाएको बताए।

आफ्ना ठूलो बुबा डा. अजय र ठूलीआमा डा. सरुले गरेको सामाजिक कामले आफू प्रभावित भएर अमेरिकामा रहेका साथीलाई नेपालसँग जोड्न लागेका बताए। विकटका बालबालिकाको सहकार्य र सहयोग दिगो बनाउने योजना रहेको फाउन्डेसनका अध्यक्ष डा. अजयले जानकारी दिए।

# नवलपुरमा चैते धानको उत्पादन बढ्यो



नवलपरासी। नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा चैते धानको उत्पादनमा वृद्धि भएको छ। नवलपुरमा चैते धानको उत्पादकत्व बढेर आर्थिक वर्ष २०८१/८२ मा प्रतिहेक्टर छ दशमलव तीन मेट्रिक टन पुगेको छ।

आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा चैते धानको उत्पादकत्व प्रतिहेक्टर पाँच दशमलव नौ मेट्रिक टन रहेकामा आव २०७९/८० मा प्रतिहेक्टर छ मेट्रिक टन रहेको थियो। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी एवं कृषि प्रसार अधिकृत विश्वास काफ्लेले जिल्लामा चैते धानको उत्पादकत्वसँगै उत्पादनमा वृद्धि भएको जानकारी दिए। जिल्लामा पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा चैते धानको उत्पादनमा वृद्धि देखिएको उनको भनाइ छ।

आव २०७९/८० मा ६ हजार १२३ मेट्रिक टन धान उत्पादन भएकामा २०८०/८१ मा ६ हजार २४४ मेट्रिक टन तथा आव २०८१/८२ मा सात हजार ५३ मेट्रिक टन धान उत्पादन भएको काफ्लेले जानकारी दिए। काफ्लेका अनुसार चैते धानखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ। पर्याप्त सिँचाइ, अनुदानको व्यवस्था, उत्पादकत्वमा वृद्धि, रोग कीराको प्रकोप न्यून, अनुकूल मौसम, मलबीउको न्यून अभावलगायत कारण किसान चैते धानतर्फ आकर्षित भएका सूचना अधिकारी काफ्लेले बताए।

जिल्लामा आव २०७९/८० मा एक हजार १० हेक्टर, आव २०८०/८१ मा एक हजार ५३ हेक्टर तथा आव २०८१/८२ मा एक हजार एक सय २० हेक्टरमा चैते धानको खेती गरिएको थियो।

यसैबिच, जिल्लामा बर्खे धान रोपाइँ हुने कुल क्षेत्रफलमध्ये साउन ६ गतेसम्म १५ हजार १३ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको काफ्लेले जानकारी दिए। जिल्लामा यस वर्ष १८ हजार सात सय २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने अनुमान गरिएको उल्लेख गर्दै सूचना अधिकारी काफ्लेले नवलपुरमा धान रोपाइँ हुने क्षेत्रफलको करिब ८० दशमलव दुई प्रतिशत भागमा रोपाइँ सकिएको बताए। नेपालमा मनसुन चाँडो भित्रिएको भनिए पनि यहाँ नियमित वर्षा हुन नसक्दा धान रोपाइँ ढिलाइ भएको उनको भनाइ छ।

नियमित वर्षा भएको अवस्थामा साउन २० गतेसम्म जिल्लामा रोपाइँ सकिने उनले जानकारी दिए। जिल्लामा धानखेती हुने कुल क्षेत्रफलको करिब ५५ प्रतिशत भागमा मात्र सिँचाइ सुविधा पुगेको छ। "जिल्लामा ट्यूबबेल भएका ठाउँमा रोपाइँ सकिएको छ", उनले भने-"कुलो र अकासे पानीका भरमा रोपाइँ हुने ठाउँमा धान रोप्नै बाँकी छ।"

मनसुनी वर्षा राम्रोसँग नभएकाले जमिनमा मूल नफुट्दा कुलो सञ्चालन हुन ढिलाइ भएको उनले बताए। जिल्लामा अघिल्लो आव २०८१/८२ मा जम्मा १८ हजार सात सय १६ हेक्टर क्षेत्रफलमा बर्खे धानखेती गरिएकामा ७१ हजार एक सय २० मेट्रिक टन उत्पादन भएको सूचना अधिकारी काफ्लेले बताए।

## खपतको...

उद्योगले पञ्चकन्या डिमेक्स प्रोफाइलको गुणस्तर र विशेषताबारे जानकारी गराउन चालु वर्षदेखि युपिभिसीको काम गर्ने फेब्रिकेटर व्यवसायी र बिक्रेतालाई तालिम र परामर्श दिने योजना बनाएको छ। पञ्चकन्या डिमेक्सका उत्पादनहरू वातावरणमैत्री र ३० प्रतिशत विद्युत् खपत कम गर्ने विशेषता भएका भए पनि आम उपभोक्ता, मिस्त्री र व्यवसायीलाई यो तथ्य जानकारी नभएकाले उपभोक्तामा जागरण ल्याउने अभियान थाल्ने उद्योगका म्यानेजिङ डाइरेक्टर रितेश सिलवालले बताए।

'गुणस्तरीय उत्पादन एउटा पाटो हो, हाम्रो उत्पादन उपभोक्तासम्म पुऱ्याउने मुख्य भूमिका फेब्रिकेटर र बिक्रेताको हो, अब हामी उनीहरूसम्म पुग्छौं,' सिलवालले भने-'उहाँहरूलाई तालिम र परामर्श दिन बुटवल र काठमाडौंमा केन्द्र स्थापना गर्छौं।' फेब्रिकेटरलाई तालिम दिएर दक्ष बनाई सर्टिफाइड गरेर मात्र आफ्ना उत्पादनको सही तरिकाले जडान र फिटिङ गर्न पठाउने योजना रहेको सिलवालले बताए।

सिलवालका अनुसार अब हुने करिब २५ करोड लगानीको केही हिस्सा यसमै खर्च गर्ने कम्पनीको योजना छ। नेपालमा हाल करिब ८ सय जना युपिभिसीको काम गर्ने मिस्त्री र ४७ व्यवसायी छन्। ८ सयमध्ये २ सय जना पञ्चकन्या डिमेक्ससँग जोडिइसकेका सिलवालले बताए। उत्पादनको गुणस्तर सुनिश्चित गर्न उद्योगमै प्रयोगशाला रहेको उनले जानकारी दिए।

आफ्ना उत्पादनहरू दिगो, वाटरप्रुफ, आगो प्रतिरोधी, मर्मतमा कम खर्च लाग्ने, नखुइलिने, बाहिरी हल्ला नसुनिने, आफ्नो इच्छाअनुसार डिजाइन गर्न सकिने, पुनः प्रयोग गर्न सकिने, सफाइका लागि सहज र पर्यावरणमैत्री भएकाले स्वदेशमा आत्मनिर्भर बनाई विदेश निर्यात गर्न सहज हुने सिलवालले बताए।

## पार्टी...

उनले देशलाई अस्थिर बनाइराख्ने तत्वहरुले सरकारलाई असफल बनाउन विभिन्न प्रयत्नहरु गरिरहेको उल्लेख गर्दै, तर सरकारले यी सबै प्रयत्नलाई चिर्दै अगाडि बढिरहेको बताए।

सरकार ढल्दैछ भनेर बारम्बार प्रचार गर्ने गरिएको, केही भएन भनेर नकारात्मक भाष्य सिर्जना गर्न खोजिएको र सिङ्गो समाजलाइए गलत दिशातर्फ धकेल्न सकिन्छ कि भनेर प्रयत्न गरिएको भन्दै अर्थमन्त्री पौडेलले भने-"यस्ता खाले सबै प्रयत्नलाई चिरेर सरकार मुलुकमा सुशासन, आर्थिक विकास र समृद्धिको सपना साकार पार्ने दिशामा अगाडि बढेको छ।"

उनले काँग्रेस-एमाले गठबन्धन मुलुकमा सुशासन र स्थिरता दिनका लागि निर्माण गरिएको भन्दै आगामी ०८४ सम्मै यो गठबन्धन कायम रहने पनि बताए। "बाहिर जसरी गठबन्धन भत्किँदैछ भनेर प्रचार गरिए पनि त्यसका कुनै सत्यता छैन, शान्ति, स्थिरता र सुशासनका लागि गठबन्धनको निर्माण भएको हो," अर्थमन्त्री पौडेलले भने-"आगामी २०८४ सम्म यो गठबन्धन तलमाथि हुँदैन।"

उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले बुधबारै रुपन्देहीको सैनामैनामा रहेको पर्रोहा परमेश्वर बोलबम धामको पनि अवलोकन गरेका छन्। त्यस अवसरमा बोल्दै उनले बोलबम धामको विकासका लागि सरकारले विगतदेखि नै सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग जारी रहने बताए।

## १३ करोडको...

यस अवधिमा १२८ वटा विभिन्न विपद्सम्बन्धी सचेतनामूलक कक्षा विद्यालयहरु तथा समुदायमा सञ्चालन गरिनुका साथै जिल्लास्थित अन्य सुरक्षा निकायहरुसहित विभिन्न प्रकारका विपद् उद्धारको ६ वटा सिमुलेश अभ्यासहरु गरिएको छ।

भारतसँग खुला सीमा जोडिएको जिल्ला भएका कारण यहाँ अवैध क्रियाकलाप, लागुऔषध एवं हातहतियारको अवैध ओसारपसार, चोरी-तस्करी, मानव बेचबिखनलगायतका घटना हुने गरेका छन्। यस्ता घटना नियन्त्रणका लागि सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा निगरानी बढाएको छ भने आपत विपद्मा पनि सशस्त्र प्रहरीको भूमिका उत्कृष्ट छ, विपद्मा खोज तथा उद्धार र विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आएको छ। सशस्त्रको निगरानिका कारण सीमा क्षेत्रका नागरिकले शान्ति सुरक्षाको दरिलो अनुभूति गर्ने गरेका छन्।

गणको नेतृत्व सम्हालेदेखि नै एसपी जोशीले तस्करी नियन्त्रणमा कठोर छन्। कमाण्ड सम्हालेदेखि नै निरन्तर अवैध सामान नियन्त्रणमा लिँदै आएका छन्। हरेक महिना सरदर एक करोडकै हाराहारीमा अवैध सामानहरु नियन्त्रणमा आएका छन्। भारतबाट नेपालतर्फ चोरी पैठारी गर्न लागिएको कपडा, चिनी, प्याज, कपडा, खाद्यन्न, हार्डवेयर, मोटर पार्टस्, उपभोग्य सामान तथा ओसारपसारमा प्रयोग भएका साधन समेत नियन्त्रणमा आउने गरेको तथ्याङ्क छ। उनले सीमामा निगरानी बढाउँदै सीमाबाट हुने अवैध कारोबारको सम्भावित क्षेत्रको पहिचान गरी योजनाबद्ध रुपले प्रस्तुत हुँदा अवैध बस्तुको नियन्त्रणको बढ्नुका साथै तस्कर तथा भरियाहरु पनि पछि हटेका छन्।

खुला सीमा नाकाको फाइदा उठाएर हुने गरेको अवैध भन्सार चोरी पैठारीमा कडाइ गर्न कुनै कसर बाँकी नराखेको उनको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही र मातहत कार्यालयहरुले पनि एक वर्षको अवधिमा भन्सार चोरी निकासी गरी भारतबाट नेपाल अवैध रुपमा ल्याउँदै गरेको १२ करोड ६७ लाख ७१ हजार ७७९ रुपैयाँ बराबरको सामानहरु र चोरी तस्करीमा संलग्न ३०२ वटा मोटरसाइकल, ८ वटा ट्रक, १७ वटा पिकअप, ३ वटा अटो, १ वटा ट्याक्टर नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि पठाइएको छ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एशियन लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०२।३० गते बुटवलदेखि बर्दघाट जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** दिया देवकोटा
**ठेगाना :** बर्दघाट, नवलपरासी
**बिमालेख नं. :** ५३१००००६१४७
**मो. नं. :** ९८४७३३९८४३

## आवश्यक कागजात हराएको सूचना

मेरो निम्न विवरण भएको नेपाली नागरिकता र शिक्षक निवृत्त भरण अधिकार पत्र (पेन्सन पट्टा) यही मिति २०८२।०३।०२ गते वडागाउँ दजाकोटदेखि वामी टक्सार जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** जुक्त बहादुर छन्तेल
**पेन्सन पट्टा नं.:** २०३६८८
**नागरिकता प्रमाणपत्र नं.:** १०८७
**ठेगाना :** मुसीकोट-४, बडागाउँ, गुल्मी
**सम्पर्क :** ९८६७३२०१००

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

## हाट बजार व्यवस्थापन ठेक्का सम्बन्धी बढाबढ सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८२/०४/०१**
**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/०८**

आ.व. २०८२/०८३ को (२०८२ साउन देखि २०८३ असार मसान्त सम्म) को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | सूचना/ ठेक्का नं. | हाट बजार लाग्ने स्थान | न्यूनतम अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | चोरमारामा लाग्ने मंगलबार र शनिबारको हाट बजार | २,३०,०००/ | १,०००/- |
| २ | २/२०८२/०८३ | अरुणखोलामा लाग्ने आइतबार र बुधबारको हाट बजार | २,५०,०००/ | १,०००/- |
| ३ | ३/२०८२/०८३ | हर्बस्टारमा लाग्ने हाट बजार, वडा नं १५ | २५,०००/ | १,०००/- |

**शर्तहरुः**

१) सिलबन्दी दरभाउपत्रको यो सूचना प्रकाशित भएको मिति २०८२/०४/०८ गते देखि ७ दिन (मिति २०८२/०४/१४) गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी दरभाउपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ।

२) सिलबन्दी दरभाउपत्र मिति २०८२/०४/१५ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

३) सिलबन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फारम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबुलियत गर्न आउनु पर्नेछ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छ्यौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

७) दर्ता नभएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी दरभाउपत्रवालाले पालना गर्नु पर्नेछ। हाट बजार कर नगरपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम हुनेछ।

९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**


**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# तानसेनमा नेवारी पर्व घण्टाकर्ण गाँठेमंगलको चहलपहल



पाल्पा । बुधबार श्रावण कृष्णपक्षको चर्तृदशी तिथि, पाल्पामा नेवारी समुदायले घण्टाकर्ण गाठे मंगल पर्व मनाएका छन् । श्रावण कृष्णपक्षको चर्तृदशी तिथिदेखि पाल्पाका नेवारी समुदायले विभिन्न किसिमका एक महिने जात्रा तथा महोत्सव मनाउने गर्दछन् । श्रावण कृष्ण पक्षको चुर्तुदशीको दिन परम्पराअनुसार घण्टाकर्ण गाँठेमंगल मनाएपछि नेवारी समुदायमा चाडपर्व सुरु हुने गर्दछ ।

नेवारी परम्परा संस्कृतिअनुसार पहिले पहिले काठमाडौं उपत्यकामा खेतीपातीको समयमा मानिसको जनशक्ति कम हुँदा भुत प्रेतलाई काममा लगाउने र काम सकिएपछि पूजाआजा गरेर बिदा गर्ने चाल चलन थियो । नेवार जातिहरु काठमाडौं उपत्यकाबाट जहाँ जहाँ बसाईसराइ गरेर जान्छन् सोही सोही स्थानमा परम्परागत कला संस्कृति पनि सँगै लैजाने चलनअनुसार पाल्पामा घण्टाकर्ण गाँठेमंगल मनाउन थालिएको देउराली साँस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउराली श्रेष्ठले बताए ।

अर्को नेवारी किम्बदन्तीअनुसार लामोलामो कान भएको घण्टाकर्ण राक्षसले दोबाटोमा बसेर, मानिससँग पैसा मागेर सताउने, गर्दथ्यो । घण्टाकर्ण राक्षले पैसा नदिए मानिसलाई दुःख दिने, कुटपिट गर्ने र मार्नेसम्मका कृयाकलापबाट मानिसहरु पीडित भएका थिए ।

एक दिन घनघोर पानी परेको थियो, दोबाटोमा बसेको घण्टाकर्ण घरजाने समय भयो । घनघोर पानीको कारण घण्टाकर्ण राक्षसले घरजाने बाटो भेटाउन सकेन भ्यागुताको सल्लाहमा गलत बाटो हिंडेपछि राक्षस हिलोमा फसेपछि मानिसहरुले मारेर दुःख दिने राक्षसबाट मुक्ति पाएको जनविश्वास रहेको छ ।

नेवारी परम्पराअनुसार घण्टाकर्णलाई दान दक्षिणा गरेमा वर्षभरीका अफ्ठेरा ग्रहहरु नलाग्ने जनविश्वास रहेको पाइन्छ । घण्टाकर्णको विगतमा जस्तो रौनक चहल पहल नभए पनि परम्परा कला संस्कृति जोगाउन चोक चोकमा घण्टाकर्ण बनाएर युवा पुस्तामा जानकारी गराउँदै आएको नारायण युवा क्लबका अध्यक्ष प्रविन राज शाक्यले बताए ।

सोही दिनदेखि नेवारी समुदायले राक्षस मारेको खुसियालीमा घण्टाकक्ष गाँठेमंगल मनाउने परम्परा रहेको छ । नेवारी समुदाय भएका शहर बजारमा चौबाटो वा दोबाटोमा तितेपातीलाई सिंगार पटार गरेर राक्षसको स्वरुप बनाउने र पूजा आजा गर्ने र स्वइच्छाअनुसार दान गर्नाले आफ्नो वर्ष दिनको ग्रहदशा राम्रो हुने जनविश्वास रहिआएको छ ।

पाल्पाको नेवारी बस्ती भएका सदरमुकाम तानसेन, हार्थोक, रामपुर, ताहुँलगायतका क्षेत्रहरुमा चोकचोक र दोबाटोमा गाँठेमंगल मनाउने चलन भएता पनि केही वर्षदेखि लोप हुँदै गएको छ । नेवारी कला संस्कृति परम्परालाई बचाउनको लागि तानसेनका विभिन्न चोकचोक दोबाटोमा तानसेन नगरपालिका २ नं. वडा कार्यालय, नारायण युवा क्लब, देउराली साँस्कृतिक अध्ययन प्रतिष्ठान तथा अन्य विभिन्न समूहले घण्टाकर्ण राक्षसको प्रति स्वरुप बनाएर गाँठेमंगल मनाएका छन् । गाँठेमंगल मनाउन तानसेनका विभिन्न चोकचोकमा नेवारी समुदायको भिडभाड नै लागेको थियो ।

# एक वर्षमा दुर्घटनाबाट ४६ जनाको मृत्यु




नवलपरासी । पश्चिम नवलपरासीमा सवारी दुर्घटनाबाट आर्थिक वर्ष २०८१/०८२ मा ४६ जनाको मृत्यु भएको छ । दुर्घटनामा परि ६ सय ५ जना घाइते भएका छन् । जिल्लामा भएका ३ सय ७८ वटा सवारी दुर्घटनामा ४६ जनाको मृत्यु भएको र ६ सय ५ जना घाइते भएका हुन् । दुर्घटना र मृत्यु हुनेको संख्या अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा दोब्बरभन्दा बढी देखिएको छ । सबैभन्दा बढी मोटरसाइकल र स्कुटर दुर्घटनामा हुने गरेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

गत वर्ष ३ सय ८२ वटा मोटरसाइकल मात्र दुर्घटना भएका थिए भने कार, जीप ३५, टेम्पो २१, ट्रक, ट्र्यांकर २९, बस १८ वटा दुर्घटनामा परेका छन् । मृत्यु हुनेमा ३ बालिकासहित ५ महिला र ३८ जना पुरुष रहेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा एक सय १५ वटा सवारी दुर्घटना हुँदा २० जनाको मृत्यु भएको थियो भने १ सय ६६ जना घाइते भएका थिए ।

पछिल्लो समय सडकको अवस्था, चालकको लापरबाही, मादक पर्दाथ तथा लागुऔषधको सेवन गरी सवारी चलाउने आदि कारणले दुर्घटनामा वृद्धि भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी वीरदत्त पन्तले बताए ।

यसैगरी, एक वर्षको अवधिमा ट्राफिक प्रहरीले ८ हजार ३ सय २० वटा सवारी कारबाहीबाट ९६ लाख ५९ हजार राजस्व संकलन गरेको सूचना अधिकारी प्र.ना.उ. वीरदत्त पन्तले बताए । जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमले गरेको पत्रकार भेटघाट कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले आर्थिक वर्ष २०८१/०८२ मा १४ करोड ४६ लाख १८ हजार २ सय ११ रुपैयाँ राजस्व संकलन गरेको छ । प्रहरीले अवैध भन्सार छलिबाट ११ करोड ८५ लाख ६८ हजार ५ सय ८, अवैध नदीजन्य पदार्थ उत्खननूबाट ४१ लाख ६५ हजार ५ सय, वन पैदवारबाट १९ लाख ९९ हजार २ सय, सवारी साधान लिलामबाट १ लाख ७३ हजार ४ सय ९६, फरार प्रतिवादी पक्राउबाट १ करोड ९७ लाख ११ हजार ५ सय ७ गरी १४ करोड ४६ लाख १८ हजार २ सय ११ रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा ५ सय ६५ मुद्दा दर्ता भएकोमा ३ सय ३२ मुद्दा फछ्र्यौट भएका र २ सय २२ बाँकी रहेका छन् । महिला तथा बालबालिकाका ३९ मुद्दा दर्ता भएका थिए भने घरेलु हिंसाका ७ सय २७ निवेदन दर्ता भएका थिए ।

मुद्दा कार्यान्वयनमा ६ सय ६८ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयमा ठाडो उजुरीका निवेदन सबैभन्दा बढी पर्ने गरेको छ । स्थानीय तहमा न्यायिक समिति रहेको भए पनि ठाडो उजुरी प्रहरी कार्यालयमा आउने गरेको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी प्रमुख अनुपम श्रेष्ठले बताए ।

# भेटेरिनरी अस्पतालद्वारा ७८ लाख अनुदान



**प्रकाश डोटेल**

*स्याङ्जा*

भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र स्याङ्जाले आर्थिक वर्ष २०८१/०८२ मा पशुपालक कृषकलाई झण्डै ७८ लाख रुपैयाँ अनुदान दिएको छ । केन्द्रले नश्ल सुधार, उत्पादन वृद्धि, क्षेत्र विस्तार र प्रविधि हस्तान्तरण कार्यक्रममा ७७ लाख ५९ हजार ९ सय १४ रुपैयाँ अनुदान दिएको हो ।

विज्ञ केन्द्रले बृहत्तर पशु विकासतर्फ ३० लाख २५ हजार ४ सय ९६ रुपैयाँ अनुदान दिएको छ । चापाकोट नगरपालिकाको केलादी दुग्ध उत्पादक समूहलाई १६ लाख ९ हजार ३ सय ९४ र कालिगण्डकी गाउँपालिकाको लसर्घा नमूना बहुउद्देश्यीय कृषक समूहलाई १४ लाख १६ हजार १ सय २ रुपैयाँगरी ३० लाखभन्दा बढी अनुदान दिएको हो ।

उत्पादनमा आधारित प्रोत्सहान सहयोगअन्तर्गत केन्द्रले दुग्धउत्पादक कृषकलाई ९ लाख ९९ हजार २ सय ४९ रुपैयाँ अनुदान दिएको छ । समूह तथा सहकारीमार्फत् दूध उत्पादन गर्दै आएका कृषकलाई प्रतिलिटर ५ रुपैयाँका दरमा उक्त रकम अनुदान दिएको केन्द्रले जनाएको छ ।

यान्त्रिकीकरण सहयोग कार्यक्रममा १६ कृषकलाई कम्बाइन मिल, ३ जनालाई प्लेट दाना, १३ कृषकलाई च्याफकटर र १ जना कृषकलाई ग्रासकटर गरी ९ लाख ४८ हजार बराबरको प्रविधि हस्तान्तरण गरेको छ । प्रविधिमै ४ दुग्ध उत्पादक सहकारी र १ फर्मलाई मिल्क पास्चराईजेसनमा ४ लाख ३६ हजार २ सय ७५ रुपैयाँ बराबरको समानकेन्द्रले कृषकलाई हस्तान्तरण गरेको छ ।

जिल्लाभरका डेरी, पासु पसललाई छनोटका आधारमा ७ वटा पोल्ट्री तथा फ्रेस हाउसलाई ५ लाख ९७ हजार ५५ रुपैयाँ अनुदान दिएको केन्द्र प्रमुख डा. रुपेश श्रेष्ठले बताए । स्थानीय पशुपंक्षी संरक्षणमा २ वटा फर्मलाई ५ लाख ५९ हजार १ सय ७८ रुपैयाँ अनुदान दिएको डा. श्रेष्ठले जनाए ।

उन्नत नश्लका पाडी र बाँच्छी हुर्काउने प्रोत्साहनतर्फ ३५ कृषकका ३० पाडी र १४ बाँच्छीलाई १० हजारका दरमा ४ लाख ४० हजार अनुदान दिएको केन्द्रले जनाएको छ । केन्द्रकाअनुसार बाँझो जग्गामा घाँस खेती कार्यक्रममा ११ वटा पशुपालन फर्मलाई १ लाख ९३ हजार ४ सय ८५ रुपैयाँ अनुदान दिएको छ । उत्पादनमा आधारित प्रोत्साहनमै ६ वटा कृषि उद्यम, सहकारी र पशुपंक्षी फर्महरुलाई २ लाख २८ हजार ७ सय ४६ रुपैयाँ अनुदान दिएको छ । केन्द्रका सूचना अधिकारी भरत रेग्मीले दिएको जानकारीअनुसार माछापोखरी विस्तारमा ३ वटा फर्मलाई १ लाख ७४ हजार ८ सय ३० रुपैयाँ दिइएको छ । उता माछापोखरी मर्मतमा ३ वटा फर्मलाई ५७ हजार ६ सय रुपैयाँ अनुदान दिएको केन्द्रले जनाएको छ ।

# यातायात कार्यालयद्वारा २१ करोड बढी राजस्व संकलन




परासी । यातायात व्यवस्था सेवा कार्यालय नवलपरासीले आ.वा. २०८१/०८२ मा कुल २१ करोड ५० लाख ६९ हजार २० रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ ।

यो गत आर्थिक वर्षको तुलनामा ९ प्रतिशत राजस्वमा वृद्धि भएको छ । आ.व २०८०/०८१ मा २० करोड ३८ लाख ७ हजार १ सय ५६ रुपैयाँ संकलन गरेको थियो ।

जसमध्ये सवारी करबाट १६ करोड १२ लाख ९३ हजार ५ सय ४५ रुपैयाँ, सवारी नविकरणबाट १ करोड १७ लाख ११ हजार, सवारी चालक अनुमतिपत्रबाट ३ करोड ६८ हजार, रुट परमिट र इजाजत पत्रबाट ६२ लाख ६५ हजार ६ सय ८० रुपैयाँ र आयकरबाट ५७ लाख ३० हजार ७ सय ९५ रुपैयाँ संकलन गरिएको सूचना अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

यस कार्यालयले सवारी कर नविकरण, लुम्बिनी प्रदेशभित्रका रुटपरमिट र जाँचपास नविकरणलगायतका सेवा प्रदान गर्दै आएको कार्यालय प्रमुख श्यामलाल न्यौपानेले बताए ।

यस्तै सवारी चालक अनुमतिपत्र नविकरण र मोटरसाइकल, स्कुटर, कार र टेम्पो-अटो रिक्साको नयाँ सवारी चालक अनुमतिपत्र वितरण गर्दै आएको उनले जानकारी दिए ।

# बागलुङबाट बर्सैनि आठ लाख २२ हजार टन माटो बग्दै

बागलुङ । मनसुन सक्रिय नहुँदै बागलुङको जैमिनी नगरपालिका-९ पैयूथन्थापमा ठूलो बाढी आयो । गत असार २४ गते रातिको बाढीका कारण २५० रोपनी खेत, एक दर्जन खानेपानीका मुहान, सिँचाइ कुलो र केही घर गोठमा क्षति पुऱ्यायो ।

उक्त बाढीको मुख्य कारण अव्यवस्थित ग्रामीण सडक थियो । सडक खन्दा फालिएको माटोसहितको लेदोले खोला थुनिएका कारण बाढी आएर केही समयअघि कालुङखोला आसपासको क्षेत्रमा ठूलो क्षति पु-याएको थियो । यस्ता अव्यवस्थित सडकका कारण बागलुङका अधिकांश खोलानालामा बाढीको जोखिम छ ।

हचुवाको भरमा खनिएका ग्रामीण सडकका कारण भू-क्षयका घटना बढिरहेका छन् । एक अध्ययनले जिल्लाबाट बर्सेनि ८ लाख २२ हजार ६२१ टन टन माटो भू-क्षयका कारण बगेर गएको तथ्याङ्क प्रस्तुत गरेको छ । भू- तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतले जिल्लामा खेतीयोग्य जमिन, वन, खोलानाला जमिनको नक्सा तयार गरेर माटो बगेको अवस्था पत्ता लगाएको हो ।

संशोधित विश्वव्यापी माटो क्षति समीकरण (रिभाइज्ड युनिभर्सल सोइल लस इक्वेशन) विधिमार्फत् माटो बग्ने मात्रा पत्ता लगाइन्छ । सोही विधि प्रयोग गरी सो तथ्याङ्क पत्ता लागेपछि भू तथा जलाधार व्यवस्थापन कार्यालयले चिन्ता व्यक्त गरेको छ ।

कार्यालयले स्थानीय तहले नीतिगत रुपमै भू-क्षय नियन्त्रणको योजना बनाएर कार्यान्वयन गर्न नसके ठूलो दुर्घटना निम्तिन सक्ने जनाएको छ । धौलागिरिको चार र कास्कीका गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयले भू-क्षय नियन्त्रणका लागि स्थानीय तहले नीतिगत रुपमै सुधार नगरे ठूलो विनाश ल्याउने जनाएको हो ।

कार्यालयका प्रमुख तथा वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रका अनुसार भू-क्षय नियन्त्रणका लागि हाल भइरहेको विकास निर्माण मुख्य बाधक हो । उनले बायोइञ्जिनियरिङमा ध्यान दिन स्थानीय तहसँग सहकार्य गर्दै अघि बढेको बताए । स्थानीय तहले विकास निर्माणका लागि पूर्वाधारको लागत तयार गर्दा बायोइञ्जिनियरिङ अर्थात् हरित व्यवस्थापनमासमेत रकम छुट्याउन सकेमा भू-क्षय नियन्त्रण हुने मिश्रको भनाइ छ ।

"भू-क्षय नियन्त्रणका लागि बायोइञ्जिनियरिङको प्रयोगले दिगो विकासमा सहयोग पुग्छ, स्थानीय तहले विकास गर्दा कम्तीमा १० प्रतिशत रकम यसमा खर्च गर्नु आवश्यक छ, हालको विकासका पूर्वाधार अर्को वर्ष नरहला तर भू-क्षय नियन्त्रणका लागि गरिने हरित व्यवस्थापनले ठूलो सहयोग पुऱ्याउँछ", उनले भने-"केही स्थानीय तहका जनप्रतिनिधिले यस विषयमा चासो देखाउन थाल्नुभएको छ, तर नीतिगत रुपमै लागत स्टिमेटमा १० प्रतिशत हरित व्यवस्थापनमा खर्चने हो भने ९० प्रतिशत विकास त्यही १० प्रतिशत लागतले जोगाउँछ ।"

पाँच लाखको ग्याबिन जालीको काम गर्दा ग्याबिन जाली वरपर ५० हजार खर्चेर वृक्षरोपण गर्न सकेमा ग्याबिन जाली बग्न नसक्ने उनले बताए । जैमिनी नगरपालिकाका नगरप्रमुख नरबहादुर पुनले बायोइञ्जिनियरिङअन्तर्गत विकास गर्ने नीति ल्याउने जानकारी दिए ।


## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## बढी पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघि:**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं.
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं ।
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं ।
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com